**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- रवींद्र नारायण रविले आज लोक भवनमा आयोजित समारोहमा पश्चिम बंगालको नयाँ राज्यपालको रूपमा शपथ लिनु हुनेछ।

- राज्यकी मुख्यमन्त्री ममता बनर्जीले हिजो राज्यका तेल प्रशोधन एकाइहरूलाई खाना पकाउने ग्यासको स्थानीय मागलाई प्राथमिकता दिन र तत्काल राज्य भित्र उत्पादित ग्यास निर्यात नगर्न निर्देशन दिनु भएको छ।

- दार्जिलिंगमा होटलहरुले कमर्शियल एलपीजीको भारी कमी सामना गर्न परिरहेको छ।

- पश्चिम बंगाल भाजपाले आगामी 14 मार्चमा कोलकाताको ब्रिगेड परेड मैदानमा हुने प्रधानमंत्री नरेंद्र मोदीको जनसभामा रिकॉर्ड संख्यामा मानिसहरुको भेला हुने दाबी गरेको छ|

- मिरिक नगरपालिका क्षेत्रमा हाउजिङ फर अल 2.0 मार्फत छुटेकाहरूको घर निर्माण गरिने भएको छ।

**पश्चिम बंगाल-राज्यपाल**

रवींद्र नारायण रविले आज लोक भवनमा आयोजित समारोहमा पश्चिम बंगालको नयाँ राज्यपालको रूपमा शपथ लिनु हुनेछ। कोलकाता उच्च न्यायालयका मुख्य न्यायाधीश सुजॉय पालले उहाँलाई पदको शपथ दिलाउनु हुनेछ। शपथ ग्रहण समारोहमा मुख्यमंत्री ममता बनर्जी, राज्य मंत्रिमंडलका सदस्य, विधानसभा अध्यक्ष बिमान बंदोपाध्याय, विपक्षका नेता शुभेंदु अधिकारी सहित धेरै विशिष्ट अतिथिहरुलाई आमंत्रित गरिएको छ।

**मुख्यमन्त्री ग्यास आपूर्ति**

राज्यकी मुख्यमन्त्री ममता बनर्जीले बुधबार राज्यका तेल प्रशोधन एकाइहरूलाई खाना पकाउने ग्यासको स्थानीय मागलाई प्राथमिकता दिन र तत्काल राज्य भित्र उत्पादित ग्यास निर्यात नगर्न निर्देशन दिनु भएको छ। दक्षिण कोलकाताको अलिपुरस्थित सौजन्यमा तेल तथा ग्यास कम्पनीहरूका प्रतिनिधिहरूसँगको बैठकपछि मुख्यमन्त्रीले भन्नुभयो यदि खाना पकाउने ग्यास सिलिन्डरहरू राज्य बाहिर गए , संकटको समयमा तिनीहरूलाई फिर्ता पाउन गाह्रो हुनेछ। उहाँले पहिले राज्यको आवश्यकताहरूको ख्याल राख्नुपर्ने बताउनुभयो। उहाँले विशेष गरी हल्दिया, कोलाघाट र दुर्गापुरका प्रशोधन एकाइहरूलाई घरेलु उपभोक्ताहरू र आवश्यक सेवाहरूलाई ग्यास आपूर्तिमा ध्यान केन्द्रित गर्न आग्रह गर्नुभयो।बैठकमा मुख्य सचिव नन्दिनी चक्रवर्ती, प्रहरी महानिदेशक पियुष पाण्डे, सम्बन्धित विभागका सचिवहरू र तेल तथा ग्यास कम्पनीहरूका प्रतिनिधिहरू पनि उपस्थित थिए। मुख्यमन्त्रीले ग्यास अभावको डरले जनतामा फैलिएको त्रासले स्थिति झनै बिग्रिएको बताउनु भयो। मुख्यमन्त्रीले कम्पनीहरूलाई तुरुन्तै आफ्नो प्रणाली पुनर्स्थापित गर्न र सिलिन्डर सकिएका वा सकिन लागेका परिवारहरूलाई प्राथमिकता दिन निर्देशन दिनु भयो। राज्य सरकारले अस्पताल, एकीकृत बाल विकास सेवा केन्द्र, दिवा खाना भान्सा, होस्टेल र साना भोजनालयहरूमा ग्यास आपूर्ति कायम राख्न पनि निर्देशन दिएको छ। जहाँ पूर्ण आपूर्ति सम्भव छैन, त्यहाँ आंशिक आपूर्ति सिफारिस गरिएको छ। कालोबजारी र जम्माखोर माथि कडा अडान लिँदै मुख्यमन्त्रीले कडा चेतावनी दिनु भएको छ|

**दार्जिलिंगमा एलपीजीको भारी कमी**

पश्चिम एशियामा जारी युद्ध अनि भू-राजनीतिक तनावका प्रभाव अब भारतको प्रमुख पर्यटन स्थलहरुमा देखिनु थालेको छ। उत्तर बंगालको प्रसिद्ध पर्यटन स्थल दार्जिलिंगमा होटलहरुले कमर्शियल एलपीजीको भारी कमी सामना गर्न परिरहेको छ। यस संकटको मध्यनजर दार्जिलिंग होटलियर्स एसोसिएशन' ले हिजो जिल्ला प्रशासनलाई तत्काल हस्तक्षेपको मांग गरेको छ।

***संगठनले दार्जिलिंगका जिलाधिकारी मनीष मिश्रालाई पत्र मार्फत बताएको छ कि बजारमा कमर्शियल गैस सिलेंडरहरुको आपूर्ति लगभग सकिने संघारमा छ। होटल मालिकहरु अनुसार, स्थानीय एलपीजी डिस्ट्रीब्यूटर्सले स्पष्ट भनेको छ, अंतरराष्ट्रीय संकटका कारण मांग अनुसार गैस सिलेंडर उपलब्ध गराउन हाल संभव छैन। होटल व्यवसायीहरु अनुसार यदि यो स्थिति धेरै दिनसम्म रहे, पर्यटकहरुलाई सेवा दिन कठिन हुनेछ। पहिलेबाट नै बुकिंग गरेका पर्यटकहरुलाई सुविधा दिन नसके होटलहरुलाई भारी आर्थिक नुकसान उठाउन पर्ने छ। साथै होटल उद्योगसित जोडिएको हजार कर्मचारीहरु अनि उनीहरुको परिवारको आजीविका माथि पनि संकट आउँन सक्ने छ। रेस्टुरेन्ट अनि होटलहरुमा खाना बनाउन प्रभावित हुने आशंकाले पर्यटकहरुका लागि भोजनको व्यवस्था पनि बाधित हुन सक्ने छ। यस्तोमा होटल व्यवसायिहरुले जिला प्रशासनलाई चाडै एलपीजी आपूर्तिका लागि वैकल्पिक व्यवस्था गर्ने अपील गरेको छ। एसोसिएशनले चेतावनी दिएको छ, यदि चाडै समाधान ननिकालिए, पर्यटकहरुको हितलाई ध्यानमा राख्दै बुकिंग रद्द गर्ने निर्णय लिन पर्ने छ। जसले पहाड़को पर्यटन अर्थव्यवस्थालाई ठुलो झटका लाग्न सक्ने छ।***

**भाजपा जनसभा**

पश्चिम बंगाल भाजपाले आगामी 14 मार्चमा कोलकाताको ब्रिगेड परेड मैदानमा हुने प्रधानमंत्री नरेंद्र मोदीको जनसभामा रिकॉर्ड संख्यामा मानिसहरुको भेला हुने दाबी गरेको छ| पार्टीले भनेको छ यस रैलीको तयारी तिब्र गतिमा चलिरहेको छ। यो रैली राज्यमा चलिरहेको भाजपाको परिवर्तन यात्राको समापनको प्रतीक हुनेछ, जो यस वर्ष हुने विधानसभा चुनावभन्दा अघि शुरू भएको हो।

भाजपाका प्रदेश उपाध्यक्ष राजू बनर्जीले जानकारी दिए अनुसार संगठनात्मक तैयारीहरु अघि बढिरहेको छ अनि राज्यका विभिन्न भागबाट ठुलो संख्यामा मानिसहरु आउने आशा रहेको छ। उहाँले भन्नुभयो भीड़ यस्तो हुनेछ की मुख्यमंत्री ममता बनर्जीको होश उड्ने छ|

तथापि, उहाँले सुरक्षा कारणहरुको बहाना दिंदै यो बताउन चाहेनन् रैलीका लागि कतिवटा मंच बनाएइने छ। उहाँले भन्नुभयो प्रोटोकॉल अन्तर्गत यस प्रकारको जानकारी सार्वजनिक गर्न सकिन्न, तर तैयारी सुचारू रूपले चलिरहेको छ। राजू बनर्जीले राज्यको कानून-व्यवस्थाको स्थितिको पनि आलोचना गर्दै आरोप लगाउनु भयो, पश्चिम बंगालमा कानून-व्यवस्था पूर्ण रुपमा ध्वस्त भएको छ। उहाँले मुख्यमंत्री ममता बनर्जीमाथि संविधान अनि कानूनको शासनको सम्मान नगरेको आरोप लगाउनु भयो।

उहाँले पश्चिम बंगालका नयाँ राज्यपाल आरएन रविको नियुक्तिको स्वागत गर्दै राज्यपालले राज्यमा संवैधानिक अनि कानूनी व्यवस्थालाई मजबूत गर्न भूमिका निभाउनेमा आशा व्यक्त गर्नुभयो।

**चुनाव सुरक्षा तैनती**

पश्चिम बंगालमा आगामी विधानसभा चुनावको मद्देनजर केंद्रीय सशस्त्र पुलिस बलको तैनाती अनि उनीहरुको आवागमन माथि अंतिम निर्णय अब भारत निर्वाचन आयोग द्वारा नियुक्त पुलिस पर्यवेक्षकले लिनेछ। यो निर्णय सुरक्षा व्यवस्थालाई अझ प्रभावी बनाउने उद्देश्यले लिइएको हो।अधिकारीहरु अनुसार, प्रत्येक जिल्लामा संयुक्त टीम गठित गरिनेछ , जसले जमीनी स्तरमा सुरक्षाको आवश्यक आकलन गर्नेछ। यी टीमहरुले संवेदनशील क्षेत्रको पहिचान गरी आवश्यक केंद्रीय बलको संख्या सिफारिश गर्नेछ। सूत्र अनुसार, यो बदलाव राजनीतिक दलहरुसित आयोगको बैठक अवधि प्राप्त सुझावहरु पछि गरिएको हो। धेरै दलका प्रतिनिधिहरुले आरोप लगाएको छ, पछिलो चुनावहरुमा धेरै पल्ट केंद्रीय बलको समुचित उपयोग भएको थिएन अनि उनीहरुलाई ति क्षेत्रहरुबाट टाडा राखियो जहाँ उनीहरुको अधिक आवश्यकता थियो।

**माकपा**

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) ले हिजो निर्वाचन आयोगलाई पत्र लेख्दै "धेरैजसो राजनीतिक दलहरूले" पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन (SIR) अभ्यासको प्रशंसा गरेको आयोगको दाबीसँग असहमत रहेको बताएको छ। माकपा (मार्क्सवादी) राज्य सचिव मोहम्मद सलीमले पठाएको पत्रमा भनिएको छ कि पार्टीले आयोगको पूर्ण इजलास समक्ष यस प्रक्रियाप्रति आफ्नो गम्भीर आपत्तिहरू निरन्तर उठाउँदै आएको छ। पूर्ण इजलास आगामी विधानसभा चुनावको तयारीको समीक्षा गर्न पश्चिम बंगालको तीन दिने भ्रमणमा थियो र विभिन्न राजनीतिक दलहरूसँग छलफल गरेको थियो।

माकपा (मार्क्सवादी) ले मार्च ९ मा जारी आयोगको विज्ञप्तिमा आपत्ति जनायो, "विज्ञप्तिको सबैभन्दा विवादास्पद भाग भनेको 'धेरैजसो राजनीतिक दलहरूले' मतदाता नामावलीको व्यापक विशेष गहन संशोधन (SIR) अभ्यासको प्रशंसा गरेको दाबी थियो।"पार्टीले यस विषयमा आयोगसँग आफ्नो स्पष्ट असहमति र चिन्ता व्यक्त गरिसकेको बताएको छ।

**पश्चिम बंगाल-मौसम**

मौसम विभागले आज अनि भोलि उत्तर बंगालको जिल्लाहरुमा हल्कादेखि मध्यम वर्षाको पूर्वानुमान लगाएको छ। त्यही, दक्षिण बंगालको जिल्लाहरुमा आज देखि तापमानमा दुइ देखी तीन डिग्रीको वृद्धि हुन सक्ने पनि विभागले अनुमान लगाएको छ।

**आइ जि जे ऐफ**

चिया श्रमिकहरूका लागि आवन्टित १,००० करोड रकम उत्तर बंगालका चियाबगानमा पनि लागू हुनुपर्ने माग — हाम्रो हिल तराई डुवर्स चिया श्रमिक संघले गरेको छ। एक प्रेस बिज्ञप्ति जारी गर्दै संघका प्रतिनिधिहरुले, भारत सरकारले चिया श्रमिकहरू, विशेष गरी महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा समग्र जनकल्याण सुधार गर्ने उद्देश्यले आर्थिक वर्ष २०२१–२२ को बजेटमा १,००० करोड रुपियाँ आवन्टन गरेको र यो राशी प्रधानमन्त्री चिया श्रमिक प्रोत्साहन योजना अन्तर्गत खर्च गरिने जानकारी प्राप्त भएको भन्दै यस राशी अन्तर्गत उत्तर बंगालका चियाबगानमा कार्यरत श्रमिकहरूलाई पनि लाभ उपलब्ध गराइनुपर्ने अडान व्यक्त गरेको छ। इण्डियन गोर्खा जनशक्ति फ्रन्ट अन्तर्गतको भातृ संगठन हाम्रो हिल तराई डुवर्स चिया श्रमिक संघले असम र पश्चिम बंगालका चियाबगानमा कार्यरत लाखौँ श्रमिकहरू अझै पनि आधारभूत शिक्षा, स्वास्थ्य सेवा तथा अन्य सामाजिक सुविधाहरुबाट पूर्ण रूपमा लाभान्वित हुन नसकेको बताएको छ।

**मिरिक नगरपालिका हाउजिङ फर अल**

मिरिक नगरपालिका क्षेत्रमा हाउजिङ फर अल 2.0 मार्फत छुटेकाहरूको घर निर्माण गरिने भएको छ। जसका लागि आगामी सोमबारदेखि मिरिक नगरपालिकाबासीले नगरपालिका कार्यालयमा गएर फारम भर्न सक्नेछन् । विभिन्न वार्डका आवेदकहरुले मिरिक नगरपालिका कार्यालयमा आवश्यक कागज पत्रसित सम्पर्क गर्न सक्ने मिरिक नगरपालिका अध्यक्ष एलबी राईले बताउनु भएको छ। इच्छुकहरूले आगामी सोमबार चार र पाँच नम्बर वार्ड ,मंगलबार एक दुई ,तीन नम्बर वार्ड, बुधबार आठ अनि नौ नम्बर वार्ड अनि बिहीबार सात र छ नम्बर वार्डका मानिसहरूले फारम भर्न सक्ने श्री राईले जानकारी दिनु भएको छ।

****** ० ******